अनुसूची- २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित)

# अपिहिमाल गाउँपालिका

खण्डः२ संख्याः १ स्वीकृत मितिः २०७६/५/१४

अपिहिमाल गाउँपालिका

# अपिहिमाल गाउँपालिका उपभोक्ता समिति परिचालन मापदण्ड २०७६

प्रस्तावना :

नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरेको स्थानिय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माणमा आर्थिक पारदर्शिता कायम गर्न जनसहभागिताको प्रत्याभूत गर्न र रोजगारीको अवसरको श्रृजना गर्न अपिहिमाल गाउँपालिकाको स्थानिय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५को परिच्छेद ४ (विविध)नियम १७(२) ले दिएको अधिकार प्रयोग गरि यो मापदण्ड लागु गरिएको छ।

परिभाषा :

१ संक्षिप्त नाम र प्रारम्भ :-

क) यस मापदण्डको नाम "उपभोक्ता समिति परिचालन मापदण्ड २०७६" रहेको छ।

ख) यो मापदण्ड तुरुन्त लागु हुने छ।

२.परिभाषा :-

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :-

क) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्ष सम्झनु पर्दछ।

ख) "आयोजना" भन्नाले अपिहिमाल गाउँपालिका वा सो अन्तर्गतका वडा बाट पूर्ण वा आंशिक लागत साझेदारीमा संचालित योजना वा कार्यक्रम, योजना वा परियोजनालाई सम्झनु पर्दछ। यसले अपिहिमाल गाउँपालिकाबाट स्वीकृत भएका गैर सरकारी संघसंस्था, गैरनाफामूलक संस्था अन्य सामुदायिक संस्थाको आयोजनालाई समेत जनाउने छ।

ग) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना संचालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउदछ।

घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण संचालन, व्यवस्थापन र मर्मत संभार गर्नको लागि उपभोक्ताले आफूहरुमध्येबाट गठन गरेका समिति सम्झनु पर्दछ।

ङ) "कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालयलाई जनाउँदछ। सो शब्दले वडा कार्यालयलाई समेत जनाउँदछ।

च) "पदाधिकारी" भन्नाले उपभोक्ता समितिको अध्यक्ष,उपाध्यक्ष, सचिव र कोषध्यक्ष लाई सम्झनु पर्दछ

ञ) "वडा" भन्नाले अपिहिमाल गाउँपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

ज) "वडाध्यक्ष" भन्नाले आयोजना/योजना संचालित वडाका अध्यक्षलाई सम्झनु पर्दछ ।

झ) "सदस्य" भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउँछ । सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ ।

ञ) "सम्झौता" भन्नाले आयोजना संचालन, व्यवस्थापन र मर्मत संभार गर्नका लागि कार्यालय र उपभोक्ता समितिबीच भएको लिखित करारनामा वा कबुलियतनामा लाई जनाउनेछ ।

ट) "पारिश्रमिक" भन्नाले गाउँपालिकाले निर्धारण गरेको प्रति घण्टा काम गरेंफवत (उपभोक्ता)श्रमिकले पाउने ज्याला सम्झनु पर्दछ ।

ठ) "प्राविधिक" भन्नाले पालिकाबाट खटि आएका प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

## ३ मापदण्डको पालना गर्नुपर्ने :–

१ गाउँपालिकाभित्र कार्यान्वयन गर्ने प्रत्येक योजना/आयोजना निर्माण संचालन मर्मत सम्भार कार्य गर्नका लागि गठित उपभोक्ता समितिले पूर्ण रुपले यो मापदण्ड पालना गर्नुपर्ने छ ।

२ माथि जे सुकै लेखिएतापनि विपदबाट क्षेति भएका पचास हजार भन्दा कम लागत भएका कार्यमा यो मापदण्ड आंशिक रुपले लागुहुन सक्ने छ ।

३ उपभोक्ता समिति गठन गर्दा खेरि कम्तिमा ७५ प्रतिशत घरधुरीहरुको सहभागिता गराई कम्तिमा ५० प्रतिशत लक्षित वर्गको सहभागिता हुनुपर्नेछ ।

४ ज्याला निर्धारण :

क) गाउँपालिकाले प्रत्येक आ.व.का लागि श्रमिक ज्याला निर्धारण गर्नेछ ।
ख) ज्याला निधारण गर्दा जिल्ला दररेटलाई समेत आधार मान्नु पर्नेछ ।
ग) ज्याला निर्धारण गर्दा दक्ष अर्धदक्ष र अदक्षता समेत तोकी रकम उल्लेख गर्नुपर्नेछ ।
घ) ज्याला तोक्दा लैङ्गिक तथा जातिय भेदभाव गरिने छैन ।
ङ) १६ वर्ष नपुगेका बालबालिकालाई कनैपनि श्रममा प्रयोग गरिने छैन ।

## ५ उपभोक्ता समितिको हाजिरको व्यवस्था गर्नुपर्ने :–

१ उपभोक्ता समितिले उपभोक्ताले कार्य गरेको समयको अनिवार्य हाजिरि अभिलेख राख्नु पर्नेछ ।

२ श्रमिकले प्रतिदिन ८ घण्टा अनिवार्य काम गर्नु पर्नेछ ।

३ माथि जेसुकै लेखिएको भएतापनि मनासिब कारण सहित उपभोक्ता समितिले बिदा दिएमा बिदा पाउने उपभोक्ताले बिदा पाउनु पूर्व गरेको कामको समय सहित खुलाई हाजिर लगत राख्नु पर्नेछ ।

४ पाँच लाख भन्दा माथिका योजनाहरु उपभोक्ता समितिले उपभोक्तालाई काममा लगाउँदा बेरोजगार भनि गा.पा.ले प्रमाणित गरेका व्यक्ति लाई अनिवार्य प्राथमिकता दिनु पर्नेछ ।

५ उपभोक्ता समितिले तयार गरेको हाजिरि लगत प्रत्येक ७ दिनमा सम्वन्धित प्राविधिकवाट अनिवार्य प्रमाणित गराउनु पर्नेछ ।

६ कुनैपनि संचालित योजनाको एक हप्तामा कम्तिमा २ पटक सम्म वडा प्राविधिकबाट अनुगमन गराउनु पर्नेछ ।

५ योजनाको सूचनापाटी :– पालिकाभरि संचालित योजनाहरुको एकरुपता हुने गरि योजना सूचनापाटी को व्यवस्था गरि निर्माण सम्पन्न भएपछि अनिवार्य निर्माण स्थलमा राख्नुपर्नेछ ।

६ योजना सम्पन्न नभएसम्म उपभोक्ता समितिको कम्तिमा ४ पटक अनिवार्य बैठक बस्नु पर्नेछ ।

७ पालिकाभरि संचालित योजनाहरु सम्पन्न नभएसम्म कम्तिमा एकपटक सम्म गाउँपालिकाको इन्जीनियर वा निजले तोकेको सब–ईन्जीनियरले अनिवार्य प्राविधिक अनुगमन गर्नुपर्नेछ ।

८ योजना संचालित वडा कार्यालयको वडाध्यक्ष वा निजले तोकेको सदस्यले कम्तिमा २ पटक सम्म अनिवार्य अनुगमन गर्नेपर्नेछ ।

९ गाउँपालिकाभरिका संचालित योजनाहरुको कार्य सम्पन्न नभएसम्म गाउँपालिकाका उपाध्यक्ष वा निजले तोकेको कार्यपालिकाका सदस्यले कम्तिमा एकपटक सम्म र कार्य सम्पन्न भएपछि अनिवार्य अन्तिम अनुगमन गर्नुपनेछ ।

१० पुरष्कार र दण्ड :–

१ दण्डको व्यवस्था : गाउँपालिका वा वडाद्वारा पूर्ण वा आंशिक सहभागितामा संचालित योजना वा कार्यक्रम ,आयोजना  वा परियोजना संग सम्वन्धित उपभोक्ता समितिले प्राविधिक र वडाकार्यालयले यो मापदण्ड अनिवार्य पालना गर्नुपर्नेछ ।

क.यदि उपभोक्ता समितिले यो मापदण्ड पालना नगरेमा, त्यस्ता उपभोक्ता समितिलाई वडापालिकाको सिफारिसमा कार्यपालिकाले भंग गरि ५ दिन भित्र अर्को उपभोक्ता समिति गठन गर्न सुम्वन्धित वडापालिकालाई अनुमति दिन सक्नेछ ।

ख.यदि प्राविधिकले यो मापदण्ड पालना नगरेमा गाउँपालिकाको प्राविधिक शाखाको सिफारिसमा सम्वन्धित प्राविधिक लाई आवश्यक कार्वाहीगर्न सक्नेछ ।

ग)यदि सम्वन्धित वडाकार्यालयले यो मापदण्डको पालना नगरेमा अनुगमन समितिको सिफारिसमा गाउँपालिकाले सम्वन्धित वडा भित्र आगामी वजेटमा योजना तर्जुमा नगर्न सक्नेछ ।

२.पुरस्कारको व्यवस्था :

क)पालिका भरिको उत्कृष्ट उपभोक्ता समितिलाई रु २५०००।०० नगद पुरस्कारको व्यवस्था हुने छ ।

११.कुनैपनि योजनाको सार्वजनिक परिक्षण गर्दा सम्वन्धित वडाका अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि अनिवार्य उपस्थित हुनु पर्नेछ ।

१२.प्राविधिक तथा अनुगमनमा खटिने जनप्रतिनिधि तथा कर्मचारीको नियमानुसार दैनिक भत्ताको व्यवस्था गरिनेछ ।

१३.गाउँपालिकाबाट उपभोक्ता समितिलाई भुक्तानी गरिने किस्ता रकमको सार्वजनिक परिक्षण गरिएको हुनुपर्नेछ । साथै सार्वजनिक परिक्षण गर्दा लाभान्वित क्षेत्र भित्रका प्रत्येक घरधुरीका महिला र पुरुष अनिवार्य उपस्थित हुनु पर्नेछ ।

१४.योजना निर्माण कार्यका लागि खरिद गरिएका आवश्यक औजारहरु निर्माण कार्य सम्पन्न भएपछि १५ दिन भित्र सम्वन्धित वडाकार्यालयमा अनिवार्य बुझाउनु पर्नेछ । अन्यथा योजनाको रकमबाट रकम कट्टा गरि भुक्तानी प्रदान गरिने छ ।

१४.योजनाको अन्तिम भुक्तानीका लागि प्रचलित कागजात संग वडा कार्यालयबाट औजार बुझिलिएको प्रमाण सहित पेश गर्नुपर्नेछ ।

१५.गाउँपालिकाबाट प्राप्त किस्तावाईज अनुसारको रकमको अनिवार्य सार्वजनिक परिक्षण गर्नुपर्नेछ ।

१६.उपभोक्ता समिति गठन गर्दा समितिको लेखाजोख गर्न सक्ने व्यक्तिलाई सचिवको जिम्मेवारी दिनुपर्नेछ ।

## सूचाङ्क

१.गा.पा.बाट प्राप्त किस्ता वाईज अनुसारको रकमको सार्वजनिक परिक्षण गर्ने

२.गा.पा.बाट संचालित योजनाहरु

उपभोक्ता समितिको मूल्याङ्कन फाराम २०७८

| सि.नं. | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | प्रमाण |
|---|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन गर्दा ७५% उपभोक्ताहरुको सहभागितामा गरे नगरेको | ५ | | |
| २ | उपभोक्ता समितिको लक्षित वर्गको सहभागिता गरे नगरेको | ५ | | |
| ३ | उपभोक्ता समितिले गाउँपालिकाबाट प्राप्त गरेको किस्ताबन्दी रकमको सार्वजनिक परिक्षण गरे नगरेको | ५ | | |
| ४ | कामदारहरुको हाजिरिको रेकर्ड दक्ष/अदक्ष छुट्टा छुट्टै राखे नराखेको | ५ | | |
| ५ | कामदाहरुको हाजिरि सम्वन्धित प्राविधिकबाट प्रमाणित गरे नगरेको | ५ | | |
| ६ | उपभोक्ता समितिको बैठक कम्तिमा ४ पटक बसे नबसेको | ५ | | |
| ७ | योजनाको निर्माण कार्य सम्पन्न भई सकेपछि योजना स्थलमा सबैकुरा खुल्नेगरि सूचना बोर्ड राखे नराखेको | ५ | | |
| ८ | योजना खाता अद्यावधिक गरे नगरेको | ५ | | |
| ९ | गा.पा. तथा वडास्तरबाट अनुगमन भएको पटक सख्या | ५ | | |
| १० | योजनाको निर्माण कार्य सम्पन्न पश्चात योजनाको रकमबाट खरिद औजारहरु सम्वन्धित वडा कार्यालयमा बुझाएको नबुझाएको | ५ | | |
| ११ | योजनाको निर्माण कार्य संचालन गर्दा गाउँपालिकाले बेरोजगार प्रमाणित गरेका बेरोजगारहरुलाई प्राथमिकता दिए नदिएको | ५ | | |
| १२ | योजनाको डिजाईन् स्टिमेट अनुसार गुणस्तरयुक्त रुपमा संरचना बने नबनेको | ५ | | |
| | | ६० | ६० | |

प्राविधिकहरुको मूल्याङ्कन सूचकहरु

| सि.नं. | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | प्रमाण |
|---|---|---|---|---|
| १ | समयमै योजना सम्पन्न भए नभएको | ५ | | |
| २ | योजना गुणस्तरयुक्त बने नबनेको | ५ | | |
| ३ | कामदार हरुको हाजिर प्रमाणित गरेनगरेको | ५ | | |
| ४ | योजना खाता अधावधिक गरे नगरेको | ५ | | |
| ५ | उपभोक्ता समितिलाई योजनाको हिसाब किताव बैंक खाता /जिन्सी खाताका बारेमा जानकारी गराए नगराएको | ५ | | |
| ६ | गा.पा. तथा वडाको अनुगमन समितिबाट योजनाको अनुगमन गराए नगराएको | ५ | | |
| ७ | सार्वजनिक परिक्षणमा ५०%महिलाको उपस्थिति भए नभएको | ५ | | |
| ८ | उपभोक्ता समितिमा रहने मुख्य पदमा ५०% महिला सहभागिता भए नभएको | ५ | | |
| ९ | योजनाको अन्तिम नापी किताब स्थलगत अनुगमन गरि वास्तविक आधारमा तयार गरे नगरेको | १० | | |
| | | ५० | ५०· | |

## सूचना पाटी

योजनाको नाम :

| योजनाको विवरण | अनुमानित लगत तथा व्यहोर्ने निकाय |
|---|---|

| | |
|---|---|
| गाउपालिका :<br>वार्ड न. :<br>वस्ती :<br>योजनाको किसिम:<br>उ.स.को नाम :<br>उ.स.अध्यक्षको नाम :<br>लभान्भीत घर धुरी संख्या :<br>लभान्भीत जनसंख्या:<br>लभान्भीत महिला संख्या:<br>लभान्भीत पुरुस संख्या:<br>जम्मा सदस्य संख्या:<br>महिला सदस्य संख्या :<br>विषयगत क्षेत्र :<br>उपक्षेत्र : | गाउपालिका :<br>वडा :<br>अन्य संस्था :<br>गाउपालिका वाट रकम रु:<br>वडा वाट रकम रु:<br>अन्य संस्था वाट रकम रु:<br>कुल लागत रकम रु :<br>जनश्रमदान रकम रु :<br>कन्टेनजेन्सी रकम रु :<br>उ.प.ले खुदपाउने रकम रु: |
| योजना सुरुहुने मिति : | योजना सम्पन्न भएको मिति |

[illegible]

लक्ष्मण सिंह धामी

नि.प्रमुख प्रशासकिय अधिकृत

अपिहिमाल गाउँपालिका